३. उक्त विशेष अदालतहरूलाई आ–आफ्नो जिल्लाका विर्ता उन्मूलन ऐन, २०१६ अन्तर्गत विर्ता जग्गा हो होइन वा कुन श्रेणीको हो भन्ने वा त्यस्तो जग्गाको तेरो मेरो मुद्दा सम्बन्धित जिल्ला अदालतका समक्ष दायर भई छिन्न बाँकी रहेका र अब दायर हुने मुद्दा मामिला उजूरी लिई कारवाई किनारा गर्न विशेष अदालत ऐन, २०३१ र विर्ता उन्मूलन ऐन, २०१६ बमोजिम तोकिएको र सुम्पिएको छ ।

४. उक्त विशेष अदालतहरूले आ–आफ्नो मुकाम आ–आफ्नो जिल्लामा जहाँसुकै कायम गर्न सक्नेछ ।

५. उक्त विशेष अदालतहरूको कार्य अवधि यो सूचना नेपाल राजपत्रमा प्रकाशित भएको मितिले काभ्रे विशेष अदालतको लागि १ वर्ष र नुवाकोट विशेष अदालतको लागि २ (दुई) वर्ष हुनेछ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २७ (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनअन्तर्गत सजाय हुने कसूरसम्बन्धी मुद्दाहरू देहायका अधिकृतद्वारा तहकीकात भएकोमा देहायबमोजिमको अदालतमा दायर गरिने गरी अदालत तोकिदिएको छ ।

१. वाग्मती अञ्चलमा जुनसुकै अधिकृतद्वारा तहकीकात गरिएकोमा वाग्मती विशेष अदालतमा ।

२. अरू अञ्चलमा विशेष प्रहरी विभागका विशेष प्रहरी अधिकृत वा स्थाई विशेष प्रहरी अधिकृतद्वारा तहकीकात गरिएकोमा वाग्मती विशेष अदालतमा वा सम्बन्धित अञ्चल अदालतमा ।

३. अञ्चलाधीश वा निजले खटाएका विशेष प्रहरी अधिकृत वा स्थाई विशेष प्रहरी अधिकृत तोकिएको स्थानीय अधिकृतले तहकीकात गरेको भए सम्बन्धित अञ्चल अदालतमा ।

४. अञ्चलाधीश वा निजले खटाएका विशेष प्रहरी अधिकृत वा स्थाई विशेष प्रहरी अधिकृत तोकिएको स्थानीय अधिकृतले तहकीकात शुरू गरी विशेष प्रहरी विभागबाट तहकीकात पूरा गरिएकोमा वाग्मती विशेष अदालत वा सम्बन्धित अञ्चल अदालत ।

खण्ड २६ मिति माघ १८,०३३ साल संख्या ४१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।